नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(कर्मचारी समायोजन शाखा)

पत्र संख्या : २०७५/०७६
चलानी नं. : ४५

मितिः २०७५।९।२

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
स्थानीय तह, सबै ।

विषयः काज फिर्ता गरी समायोजनको पत्र दिने सम्बन्धमा ।

प्रस्तुत विषयमा अध्यादेशको दफा ६ को उपदफा (४) बमोजिम अध्यादेश जारी भएको १० दिनभित्र समायोजनको पत्र दिने सम्बन्धमा यस अघि नै पत्राचार गरिसकिएको छ । सो सम्बन्धमा विभिन्न स्थानीय निकायहरुबाट अन्यत्र काजमा वा सरुवा भई खटिएको कर्मचारीहरुलाई स्थायी नियुक्ति भएको स्थानिय तहमा फिर्ता पठाउने सम्बन्धमा विभिन्न स्थानीय तहहरुबाट जिज्ञासा प्राप्त भइरहेको छ । साविकमा एउटा स्थानिय निकायबाट (गा.पा./न.पा.) स्थायी नियुक्ति पाई (जि.वि.स. बाहेक) हाल अर्को जिल्लाको स्थानीय तह वा सोही जिल्लाभित्रको अन्य स्थानीय तहमा सरुवा भई वा कामकाज गर्न खटिएको कर्मचारीलाई निज कार्यरत रहेको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले निज नियुक्त भएको स्थानीय तह (हालको गा.पा./न.पा.) मा फिर्ता गर्ने र नियुक्ति दिएको स्थानीय तहले समायोजनको पत्र दिने व्यवस्थाका लागि अनुरोध गरिन्छ ।

(टंकप्रसाद भट्टराई)
शाखा अधिकृत

बोधार्थ
श्री सूचना प्राविधि शाखा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः यसै बमोजिमको पत्र मन्त्रालयको Website मा upload गरिदिनु हुन ।